# १२ बेबिलोनमाथि परमेश्वरले गर्ने फैसला

***यस अध्यायका मूल पदहरू:*** **प्रकाश १७, यर्मिया ५१:१३, प्रस्थान २८:३६-३८, प्रकाश १३:१-८, प्रकाश १३:१८ र प्रकाश १६:२-१२।**

***यस अध्यायको मूल सार पद:*** **"र मैले आकाशबाट अर्को आवाज आएको सुनें 'हे मेरा जनहरू हो, उनीबाट निस्केर आऊ, नत्र भने तिमीहरू पनि उनका पापहरूमा सहभागी हुनेछौ, र तिमीहरूले पनि उनीमाथि आएको महामारीहरूमा सहभागी हुनुपर्नेछ। किनभने उनका पापहरू स्वर्गसम्मै पुगिसक्यो, र उनका पाप तथा अपराधहरूलाई परमेश्वरले याद गर्नुभयो'" (प्रकाश १८:४,५ रूपान्तरित)।**

अघिल्लो अध्यायमा छैटौं महामारीको बारेमा चर्चा गरिएको थियो। त्यो महामारी साङ्केतिकरुपमा युफ्रेटिस नदी सुख्खा भएको थियो। त्यसको अर्थ भ्रममा परेका संसारका मानिसहरूले अन्तिम बेबिलोनलाई दिइने लोकप्रिय समर्थन फिर्ता लिएको देखाउँछ। आफ्नो शक्ति छिया छिया भएकोले बेबिलोनरूपी परमेश्वरको बिरोधी शैतानले अनेकौं दुष्टताले भरिएको चमत्कारपूर्ण क्रियाकलापहरू गर्नेछ जुन परमेश्वरले गर्नुहुने कामको नक्कल हुनेछ (प्रकाश १६:१३,१४)। यसको बारेमा अघिल्लो अध्यायमा चर्चा गरिएकोछ। दुष्ट आत्माले प्रेरित भएको विभिन्न आकर्षित क्रियाकलापले दुष्ट मानिसहरूलाई एकत्रित पार्न सफल हुनेछ। त्यो सफलता आर--मागेड्डोनको महायुद्धको निम्ति तयारी हुनेछ। परमेश्वरसँगको शैतानले गर्ने अन्तिम युद्धमा महाभूकम्प हुनेछ जुन कि सातौं महामारीको एक भाग हुनेछ। त्यस महाभूकम्पले बेबिलोनको एकता भङ्ग हुनेछ। त्यो एकता तिन टुक्रामा भाँडिनेछ (प्रकाश १६:१८,१९)। अन्तिम बेबिलोनलाई सहरको रूपमा चित्रण गरिएकोछ। परमेश्वरका जनहरूको बिरुद्धमा राजनैतिक र धार्मिक शक्तिहरूको एकता छोटो समयको निम्ति भएको त्यो सहरले चित्रण गर्दछ। अनि त्यो एकता भङ्ग हुनेछ, जसले गर्दा अन्तिम समयमा एक भएको बेबिलोनको एकता छियाछिया हुनेछ।

अन्तको बेबिलोनको राजनैतिक एकतामात्र भङ्ग भएको कुरा प्रकाश १६:१९ले बताउँछ भनेर हामीले मनमा राख्नुपर्दछ। खास गरेर बेबिलोन सहर कसरी भताभुङ्ग हुनेछ भनेर प्रकाश १७ र १८ले बताउँछ। अन्तिम

बेबिलोनको सत्यानाश र त्यसको पतनका कारणहरूको अघि (प्रकाश १७:१२-१८:२४) प्रकाश १७ले अन्तको समयमा हुने भ्रष्ट वा परमेश्वरको सहीबाटोबाट तर्केर जाने धार्मिक प्रणालीको बारेमा उल्लेख गर्दछ। त्यो घट्नालाई रातो पशुमाथि बेश्या चढिरहेकोले घट्नाले चित्रण गर्दछ। रातो पशुमाथि चढिरहेकी बेश्या बेबिलोन आफ्ना छोरीहरूको साथमा संसारका मानिसहरूलाई परमेश्वरको बिरुद्धमा जान बहकाउनेछ (प्रकाश १७:१-११)।

## १. बेश्या बेबिलोन

**बेबिलोन बसिरहेका धेरै पानीहरू भन्नुको अर्थ युफ्रेटिस नदी हो भनेर प्रकाश १७:१ र यर्मिया ५१:१३ले यसरी बताउँछ "ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर मलाई भने, "यता आऊ, म तिमीलाई धेरै पानीहरूमा बसेकी त्यस महावेश्यालाई दिइएको इन्साफ देखाउनेछु।" (प्रकाश १७:१) र "तँ, जो धेरै पानी भएका ठाउँमा बस्छस्, र धन-सम्पत्तिका भण्डारले पूर्ण भएको छस्, तेरो खतम हुने समय आइपुग्यो, तेरो अन्त्य आइपुग्यो।" (यर्मिया ५१:१३)। प्रकाश १७:१५ अनुसार धेरै पानीहरूको अर्थ के हो? हेर्नुहोसः "ती स्वर्गदूतले मलाई भने, "तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बसेकी छे, तीचाहिँ मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन्।"**

स्त्री परमेश्वरका जनहरूको प्रतीक हो भनेर बाइबलले देखाउँदछ। परमेश्वरका सत्य चर्चलाई सफा, शुद्ध र पवित्र स्त्रीको रुपमा प्रकाशको पुस्तकले चित्रण गर्दछ (प्रकाश १२:१,२२:१७)। परमेश्वरको विशुद्ध शिक्षाबाट अलग भएर पतित भएको झुटो इसाई चर्चलाई प्रकाशको पुस्तकले बेश्याको प्रतिनिधि भनेर बताउँछ। यो बेश्या महान् बेबिलोन भनेर प्रकाश १७:५ले औंल्याउँछ ("त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन")। जसरी पौराणिक बेबिलोन सहरको अस्तित्वको निम्ति युफ्रेटिस नदीमा भर पर्नुपरेको थियो, त्यसरी नै अन्तिम युगको बेबिलोनले आफ्ना योजनाहरूलाई कार्यान्वन गर्न परमेश्वर र उहाँका जनहरूको बिरुद्धमा लाग्ने जनलहरमा भरपर्नेछ।

**युगको अन्तमा चम्किने परमेश्वरको विरोधीकोरुपमा खडा भएको बेबिलोनले बहकाएर गैरकानुनी सम्बन्ध राख्न वा लसपसमा फसाउन दुई समूहका मानिसहरूलाई विशेषरूपमा समावेश गर्ने देहायका पदहरूले यसरी बताउँछः प्रकाश १७:२ "त्यससँग पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र**

पृथ्वीका बासिन्दाहरू त्यसका व्यभिचारको मद्यले मातेका छन्।", प्रकाश १४:८ "अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, "पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।" र प्रकाश १८:१-३ "१ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली सोरले कराएः "महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।"

प्रथम समूह भनेको यस पृथ्वीका राजाहरू (अर्थात् राष्ट्रपतिहरू) वा शासन गर्ने राजनैतिक शक्तिहरू हुन्। बेश्या बेबिलोनसँग व्यभिचारमा तिनीहरू फसिरहेको भनेर ती पदहरूले चित्रण गर्दछ। जब इस्रायलीहरू परमेश्वरबाट तर्किएर झुटो धार्मिक क्रियाकलाप वा संस्कारमा लाग्दथे तब तिनीहरू बेश्याभएको भनेर पुरानो करारमा बारम्बार उल्लेख गरिएको पाइन्छ (उदाहरणमा, यशैया १:२१ "हेर त, विश्वासयोग्य सहर कसरी एउटी वेश्या भई त! उहिले त्यो न्यायले पूर्ण थियो। त्यसमा धार्मिकताले वास गर्थ्यो, तर अब त त्यो हत्याराहरूले भरिएको छ!", यर्मिया ३:१-१० "१ "यदि कुनै मानिसले आफ्नी पत्नीलाई त्याग्छ र त्यो स्त्री उदेखि छुट्टिएर अर्को मानिसकी पत्नी भई भने, के त्यो मानिसले फेरि त्यसकहाँ फर्केर जानुपर्ने? के त्यो देश बिलकुलै बिटुलो हुनेथिएन र? तर तँचाहिँ एउटी वेश्याझैं धेरैकहाँ गएकी छस्– र के तँ मकहाँ फर्केर आउँछेस्?" परमप्रभु भन्नुहुन्छ। २ "आफ्ना आँखा उठाएर नाङ्गा डाँड़ाहरूमा हेर्। तिनीहरूमध्ये कुनचाहिँमा तैंले कुकर्म गरेकी छैनस् र? एउटा अरबी मरुभूमिमा बसेझैं तँ आफ्ना प्रेमीहरूको प्रतीक्षामा बाटो हुँदो बसिस्। तैंले देशलाई आफ्नो व्यभिचार र दुष्ट कर्मले बिटुलो पारेकी छस्। ३ यसैकारण झरी थामिएको छ, र बसन्तको वर्षा परेको छैन। तापनि तेरो रूप निर्लज्ज वेश्याजस्तै छ। तँ लाजले रातो हुन इन्कार गर्छेस्। ४ के भर्खरै मात्र तैंले मलाई यसरी पुकारिनस्, 'हे मेरा पिता, युवावस्थादेखि मेरा मित्र, ५ के तपाईं सधैं रिसाइरहनुहुन्छ र? के तपाईंको क्रोध सधैंसम्म रहिरहन्छ?' तैंले त यसरी कुरा गर्छेस्, तर तैंले सकेसम्म खराबी गर्छेस्।" ६ योशियाह

राजाका राजकालमा परमप्रभुले मलाई भन्नुभयो, “अविश्वासी इस्राएलले के गऱ्यो, के तैंले देखेको छस्? त्यो गएर हरेक डाँड़ामा र हरेक झ्याम्म परेको रूखमुनि त्यसले व्यभिचार गरेकी छ। ७ त्यसले यी सबै काम गरेपछि मकहाँ फर्कन्छे होला भनी मैले विचार गरेको थिएँ, र तर त्यो फर्किन, र त्यसकी विश्वासघाती बहिनीले त्यो देखी। ८ त्यस अविश्वासी इस्राएलका सबै व्यभिचारको कारण मैले त्यसलाई त्यागपत्र दिएर निकालिदिएँ। तापनि मैले हेरें, त्यसकी विश्वासघाती बहिनी यहूदा डराइन, तर गएर त्यसले पनि वेश्यावृत्ति गरी। ९ वेश्यावृत्ति इस्राएलको निम्ति यति सजिलो कुरा भयो, कि त्यसले ढुङ्गा र रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी। १० यी सबै भए तापनि त्यसकी विश्वासघाती बहिनी यहूदा, पूर्ण हृदयले त होइन, तर बाहिरी रूपले मात्र मतिर फर्की,” परमप्रभु भन्नुहुन्छ")।

यस पृथ्वीका राजाहरू (वा राष्ट्रपतिहरू) वा देशका शासकहरू र बेश्याको बीचमा ब्यभिचारको सम्बन्ध हुनु भनेको के हो त? युगको अन्तमा औंल्याइएको बेबिलोन पतित इसाई चर्च र देशका राजनैतिक शासकहरूको बीचमा गठन्धन हुनु नै ती दुई समूह एक आपसमा व्यभिचारमा फसे सरह हो भनेर प्रकाशको पुस्तकले व्याख्या गर्दछ। अर्थात् परमेश्वरका जनहरूको बिरुद्धमा अनेकौं कानुनहरू बनाएर यातना दिन पतित चर्च र राजनैतिक शक्तिहरूको गठबन्धन वा युनियन हुनु नै एक आपसले करणी गरेको हो भनेर बुझिनुपर्छ। त्यस बेश्या बेबिलोनसँग व्यभिचारीय सम्बन्ध राख्ने दोस्रो समूह भनेको शासन गरिएका संसारका जनताहरू हुन्। बेबिलोनले नाठो खेलाउन वा व्यभिचारमा फसाउन मानिसहरूलाई रक्सी पिलाउँछन्। यो भनेको मानिसहरूलाई धर्मको नाउँमा आत्मिक रूपमा लठ्ठ पार्नु हो। राजनैतिक शक्तिहरू त बेबिलोन रूपी पतित इसाई चर्चहरूसँग साँठगाँठ गर्नु त छ नै। तर बेबिलोनको अर्थात् पतित इसाई चर्च वा धार्मिक समूहले बाइबलले अनुमोदन नगरेका अनेकौं झुटा शिक्षादीक्षा र संस्कारहरूलाई फैलाउँदै सर्बसाधारण मानिसहरूलाई लठ्ठ पार्नु भनेकै रक्सीले मात लाग्न दिनु हो। यसरी धर्मको नाउँमा बेबिलोनको झुटा आत्मिक क्रियाकलापहरूमा मानिसहरू फस्दा उसले तिनीहरूलाई सुरक्षा दिनेछन् भनेर तिनीहरूले सोच्नेछ। यो नै तिनीहरू उनको धोखामा पर्नु हो। जब मानिसहरू रक्सीले मातिन्छन् तब तिनीहरूको दिमागले ठिक काम गर्दैन र तिनीहरूलाई सजिलैसँग नियन्त्रणमा राख्न सकिन्छ ("यिनीहरू पनि दाखमद्यले गर्दा धरमरिन्छन्, जाँड़ले गर्दा

तिनीहरू लरबरिन्छन्: पूजाहारी र अगमवक्ता जाँड़ले धरमरिन्छन्। दाखमद्यले तिनीहरू लट्ठिएका छन्। तिनीहरू जाँड़ले गर्दा धरमरिएका छन्। दर्शन देख्दा तिनीहरू धरमरिन्छन्, निर्णय दिँदा तिनीहरू लरबराउँछन्" यशैया २८:७)। परमेश्वरप्रति बफादार भइरहने केवल केही बाँकी वा बचेखुचेका विश्वासीहरूबाहेक अरू सारा संसार त्यस बेबिलोनको छलमा फस्नेछ।

**आजको जस्तै युगको अन्तमा पनि जनलहर गलत दिशामा गइरहेको पाइनेछ। सबैले गर्छन् भन्ने लोकप्रिय चालचलन वा भावनामा लाग्नु कतिको खतरा हुनेरहेछ भन्ने कुरामा हामीहरू कसरी सजग हुने?**

## २. रातो पशुमाथि चढिरहने बेश्या

**प्रकाश १७:३मा भनिएको छ "अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाड-स्थानभित्र लगे। त्यहाँ सात वटा शिर र दश वटा सिङ भएको ईश्वर-निन्दाका नाउँहरूले भरिपूर्ण भएको चहकिलो रातो रङ्गको पशुमाथि बसेकी एउटी स्त्रीलाई मैले देखें।" अन्तिम सात महामारीको कचौरा बोकेका सात जना स्वर्गदूतहरूमध्ये एक जना स्वर्गदूतले धेरै पानीहरूमाथि बस्ने वेश्याको गरिने न्यायको दृश्य यूहन्नालाई देखाउँदछन्। जब यूहन्नाले त्यस बेश्यालाई देख्छन् उनी रातो घोडामा चढिरहेको उनले देख्दछन्। पानी र पशुमा प्रयोग गरिएको साङ्केतिक चित्रणले बेबिलोनको समर्थन गर्नेहरूको वर्णन कसरी उपयुक्त छ?**

दर्शनमा यूहन्नालाई जङ्गलमा लगिन्छ जहाँ उनले रातो पशुमाथि चढिरहेकी स्त्रीलाई देख्छन्। यदि बेश्या भनेको ती धार्मिक तत्वहरू हुन् जुन पतित इसाई शिक्षादीक्षा नै किन नहुन् भने पशु भनेको राजनैतिक शक्ति हो। धर्मनिरपेक्ष वा धर्महीन वाद र राजनैतिक शक्तिहरूमाथि धर्म वा आत्मिक शक्ति चढिरहेकोले दुई फरक निकायहरूलाई औंल्याउँछ। यो विगतमा भएको मामिला थिएन। यो हो धर्म र राजनीति मिसिएको मामिला। युगको अन्तको समयमा ती दुई तत्वहरूले एक आपसमा हातेमालो गर्नेछ भनेर बाइबलको भविष्यवाणीले बताउँछ। पशुमाथि चढिरहनु भन्ने अवधारणाले अधिकार जमाएको देखाउँछ। अन्तको समयमा पशुमाथि चढ्ने तत्व धार्मिक प्रणाली हो जसले धर्मनिरपेक्ष वा धर्महिन र राजनैतिक शक्तिमाथि आफ्नो अधिकार जमाउनेछ।

**बेश्याका चरित्रहरूले प्रकाश १२ र १३मा अजिङ्गर, समुद्रबाट निस्किएको पशु र पृथ्वीबाट निस्किएको पशुलाई कसरी औंल्याउँछन्?**

बेश्याको पहिरण अत्यन्त तडकभडक भएको चित्रण गरिएको छ। उनको पोशाक प्याजी र बैजनी रङ्गको अत्यन्त आकर्षित थियो। उसले सुन, अमूल्य पत्थरहरू र मोतीले सजिएका गहनाहरू पहिरेकी थिई। यस्ता खालका सिँगारपटार पौराणिक बेश्याहरूले लगाउँथे। ती बेश्याहरूले मानिसहरूलाई मोहित पार्न त्यस्तो खालको आकर्षित सिँगारपटार गर्दथे ("हे उजाड़ पारिएकी, तँ के गरिरहिछस्? तैंले रातो पोशाक पहिरेकी, र सुनका गहना पहिरेर आफूलाई सिँगारेकी छेस्, (त्यसको अर्थ के हो?) तँ किन गाजल लगाएर तेरा आँखा ठूलो पार्छेस्? व्यर्थमा तँ आफूलाई सुन्दर बनाउँछेस्। तेरा प्रेमीहरूले तँलाई घृणा गर्छन्, तिनीहरू तेरो ज्यान लिन खोज्छन्" (यर्मिया ४:३०)। रातो रङ्ग रगतको प्रतीक हो। बेश्याले रातो रङ्गको पोशाक लाउनुको अर्थ त्यस धार्मिक तत्वलाई जनाउँछ जसले धर्मको नाउँमा अतिवादी भएर अरूलाई दवाउँछ।

जुन पोशाक वेश्याले लाउँछे त्यो पुरानो करारको मूल पुजारीले लाउने पोशाकको नक्कल हुनेछ। त्यसबेला मूल पुजारीको पोशाकमा प्याजी रङ्ग, रातो र सुन हुन्थ्यो ("५ तिनीहरूले सुन, र नीलो, बैजनी, रातो धागो र मसिनो गरी सूती कपड़ा प्रयोग गरून्। ६ तिनीहरूले एपोदचाहिँ सुनको, र नीलो, बैजनी, रातो धागो र मसिनो गरी सूती कपड़ाले निपुणताका साथ बनाऊन्" प्रस्थान २८:५-६)। बेश्याको निधारमा परमेश्वरको बेइज्जत गर्ने वा ईश्वर निन्दा भएको वाक्य थियो जुन् मूल पुजारीको फेटामा हुन्थ्यो। त्यो थियो "परमेश्वरको निम्ति पवित्र" (प्रस्थान २८:३६-३८)। उनको हातमा भएको रक्सीको कचौराले बेबिलोनको राजा बेलशजारका पाहुनाहरूले पवित्र मन्दिरबाट लुटेर ल्याएको पवित्र कचौरामा रक्सी पिएको हामीलाई याद दिलाउँछ (दानिएल ५:२-४)। बेश्याको हातमा भएको कपको अर्थ यो हो कि देखावटी सत्य हो जुन् रक्सीमा मिसिएको हुन्छ। अन्तको समयमा शैतानले अनेकौं धार्मिक वा आत्मिक शिक्षादीक्षा, क्रियाकलापहरूद्वारा संसारका मानिसहरूलाई परमेश्वरबाट अलग राख्न लठ्ठ पार्नेछ।

बेबिलोनी बेश्याले सन्त र येशूका निम्ति शहीद हुनेहरूको रगत पिएर लठ्ठ भएको भनेर थप वर्णन गरिएको छ। येशूका बफादारी भक्तहरू उहाँको निम्ति गवाही भएको हुनाले तिनीहरूको हत्या भएको थियो। युगको अन्तको बेबिलोनले पिउने रगत त्योसँग सम्बधित भएको चित्रण गर्दछ जब मध्यकालीन् युगमा बाइबलको सत्यबाट भ्रष्ट भएका इसाई धर्म, पोपको नेतृत्वमा करौडौं इसाईहरूको हत्या भएको थियो किनभने तिनीहरूले पोपको धार्मिक

अधिकारलाई अस्वीकार गरेका थिए र सुसमाचारप्रतिको आस्थामा अडिग भएका थिए।

**बेबिलोनी बेश्याको वर्णनले थियाटिरा चर्चको ईजबेलको प्रतीकलाई प्रतिबिम्बित गर्दछ (प्रकाश २:२०-२३ "२० तर तिम्रो विरुद्धमा मैले यो भन्नु छः तिमी ईजेबेल भन्ने स्त्रीलाई सहन गर्छौ। त्यसले आफैलाई अगमवादिनी भन्छे, र मेरा सेवकहरूलाई व्यभिचार गर्न र मूर्तिहरूलाई चढ़ाइएको भोजन खान सिकाउँछे, र यसरी तिनीहरूलाई बहकाउँछे। २१ मैले त्यसलाई पश्चात्ताप गर्ने समय दिएँ, तर त्यसले आफ्नो व्यभिचारबाट पश्चात्ताप गर्न इन्कार गरी। २२ हेर, म त्यसलाई रोग-शय्यामा फालिदिनेछु, र त्यससँग व्यभिचार गर्नेहरूले त्यसले गरेका कामहरूबाट पश्चात्ताप गरेनन् भने म तिनीहरूलाई महासङ्कष्टमा फालिदिनेछु। २३ म त्यसका छोराछोरीहरूलाई मार्नेछु। र सबै मण्डलीहरूले थाहा पाउनेछन्, कि म उही हुँ, जसले सबैका मन र हृदयको जाँच गर्दछु, र म तिमीहरू हरेकलाई तिमीहरूका कामअनुसार दिनेछु")। युगको अन्तको बेबिलोन र ईजबेल स्त्रीहरूको बीचमा कस्तो खालको एकै स्वभाव छ?**

## ३. रातो पशुको पहिचान

"अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाड-स्थानभित्र लगे। त्यहाँ सात वटा शिर र दश वटा सिङ भएको ईश्वर-निन्दाका नाउँहरूले भरिपूर्ण भएको चहकिलो रातो रङ्गको पशुमाथि बसेकी एउटी स्त्रीलाई मैले देखें।" यसरी प्रकाश १७:३मा उल्लेख गरिएको रातो पशुको वर्णन प्रकाश १३को समुद्रबाट आएको पशुकै जस्तो स्वभाव थियो। प्रकाश १३:५-७ले परमेश्वरका जनहरूलाई आक्रमण वा दमन गरेर जितेको भनेर यसरी बताउँछः "५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो। ६ परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको वासस्थान, र स्वर्गमा बस्नेहरूसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो। ७ अनि त्यसलाई सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो। सबै कुलहरू, मानिसहरू, भाषाहरू र जातिहरूमाथि त्यसलाई अधिकार दिइयो।" रोमन क्याथोलिक चर्चकै नेतृत्वमा बाइबल र बाइबललाईमात्र मान्ने परमेश्वरका जनहरूलाई सताउँदा तिनीहरूले जङ्गलमा भागेर लुक्नु परेको थियो। इसाईहरूले नै इसाई धर्मको नाउँमा शुद्ध स्त्रीरुपी चर्च सतावटको

सुरूमा भूमिगत हुनुपरेको थियो। यो १,२६० दिन वा वर्षको भविष्यवाणी चालुभएको बेलामा अर्थात् सन् ५३८देखि १७९०सम्म रोमन क्याथोलिक चर्चको दमन कालमा भएको थियो (प्रकाश १२:१३,१४ "१३ जब त्यस अजिङ्गरले आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो")। सबै इसाईहरू एक हौं भनेर इक्युमिनिकल अभियानमा लागेका सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरूले विगतमा रोमन क्याथोलिकले दिएको सतावट बिर्सनुहुन्न किनभने त्यो भन्दा अझ झन खराब सतावटको सामना गर्नुपर्नेछ भनेर भविष्यवाणीले बताउँदछ।

**प्रकाश १७:८मा के लेखिएको छ सो पढ्नुहोस् "तिमीले देखेको त्यो पशु एक समय थियो, तर अब छैन, र सर्वनाशमा जान अतल कुण्डबाट त्यो माथि उक्लन लागेको छ। अनि पृथ्वीका बासिन्दाहरू, जसका नाउँ संसारको उत्पत्तिदेखि जीवनको पुस्तकमा लेखिएका छैनन्, तिनीहरूले त्यस पशुलाई देखेर अचम्म मान्नेछन्, किनकि त्यो एक समय थियो, तर अब छैन र पछि आउनेछ।" यस पदमा लेखिएका शब्दहरूसँग प्रकाश १३:८ तुलना गर्नुहोस् "पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात् तिनीहरूले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन।" पशुको अस्तित्व र त्यसका क्रियाकलापहरूको तिन पक्षहरूलाई प्रकाश १३:३ले कसरी स्पष्ट पार्दछ "त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो?"**

रातो पशुको पहिचान यसरी गरिएको छः त्यो पशु थियो, र छैन, र अटल कुण्ड वा एक हजार वर्षसम्म उजाड हुने यस पृथ्वीबाट त्यो निस्किनेछ र सदाको निम्ति त्यसको अन्त्य गरिनेछ। पशुको तिन पक्षीय स्वभावको अर्थमा प्रथमतः उसको अस्तित्वले यह्वे परमेश्वरको नाउँको नक्कल गरिएको हुन्छ "जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो हुन आउनुहुनेछ" (प्रकाश १:४ र ४:८)। यसले पशुको तिन पक्षीय अस्तित्व पार गरेको पनि देखाउँछः (१) पशु "थियो।" यसको अस्तित्व बिगतमा थियो। यसको मुख्य भूमिका भविष्यवाणीको ४३ महिना वा १२६० दिन वा वर्षसम्म रहेको थियो (प्रकाश

१३:५ "५ त्यसलाई अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो। त्यसलाई बयालीस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो।" साथै अध्याय ९को प्रथम भाग हेर्नुहोस्)। (२) "छैन।" घाइते भएको पशु (प्रकाश १३:३ "त्यसको एउटा शिरमा चाहिँ घातक चोट लागेको जस्तो देखिन्थ्यो, तर त्यसको चोट निको भयो। अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछिपछि लाग्यो"), सन् १७९८पशु केही समयको निम्ति येशूभक्तहरूलाई सताउने स्थितिबाट गायब भएको थियो। यस संसारको दृश्यबाट केही समयको निम्ति गायब भएको थियो। अर्थात् जब फ्रान्सका सम्राट् नेपोलियनको सेनापतिले सन् १७९८मा पोपलाई कब्जा गरेर निर्वासनमा पठायो तब केही समयसम्म रोमन क्याथोलिक चर्चको बिगिविगि सेलाएको थियो, तर बाँचिरहेको थियो। (३) अन्तमा घाइते भएको घाऊ निको भयो अर्थात् विश्वमा पोपको लोकप्रियता फेरि बढ्यो। त्यस परिप्रेक्षमा पशु फेरि शैतानिक क्रोधमा बिउँझिनेछ। प्रकाश १७ अध्यायले प्रकाश १३:१-८मा उल्लेख गरिएको घाइते चोट निको भइरहेको अवस्थाको बारेमा वर्णन गर्दछ। यही पुनर्जीवित भएको पशुमाथि बेश्या बेबिलोन बस्दछ। मध्यकालीन युगमा जस्तै इसाई धर्म र राजनैतिक शक्तिको गठबन्धन फेरि छोटो समयको निम्ति हुनेछ र परमेश्वरका जनहरूलाई इसाई धर्मकै नाउँमा इसाई भनाउँदा अतिवादीहरूले फेरि नराम्रोसँग सताउनेछन्।

**"परमेश्वरका जनहरूको बिरुद्धमा विरोधीहरू खडा होओस्, धर्मको नाउँमा अतिवादी र असहिष्णुता फेरि उचालियोस्, सतावटको आगो फेरि जलोस, र देखावटी र पाखण्डी इसाईहरूको विश्वास धमिलियोस् र तिनीहरूले येशूप्रति देखाएको प्रेम केवल मुखकोमात्र बनोस्, तर सत्य इसाई पत्थर जस्तै अडिग भएर खडा भइरहनेछ, उसको विश्वास झन बलियो हुँदै जानेछ, उसको आशा झन झन चम्किनेछ। त्यसको विश्वासको स्थिति सम्पन्न भएका दिनहरूभन्दा झन बलियो हुनेछ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६०२बाट रूपान्तरित। अन्तिम युगका घट्नाहरू घट्नुभन्दा अघि एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको वचनहरूलाई हामीहरूको इसाई अनुभवमा कसरी आवश्यकता ठानेर अघि बढिरहनुपर्दछ?**

## ४. पशुका सातवटा टाउकाहरू

**देहायका पदहरू पढ्नुहोस्ः प्रकाश १७ः९-११ "९ "बुद्धिमत्ता यसैमा छः ती सात शिर सात पर्वतहरू हुन्, जसमाथि त्यो स्त्री बसेकी छे। १० तिनीहरू सात राजाहरू पनि हुन्– पाँच जनाको पतन भइसकेको छ, एउटाचाहिँ छँदैछ, र अर्को अझै आएको छैन। त्यो आएपछि केही समयको लागि मात्र रहनुपर्छ। ११ त्यो पशु, जो एक समय थियो, तर अब छैन, त्योचाहिँ आठौं हो। सातमध्येको त्यो एक हो, तर त्यसको सर्वनाश हुनेछ।" र प्रकाश १३ः१८ "बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।" सातवटा टाउकाहरूको बारेमा बुझ्न बुद्धिको दिमाग चाहिन्छ अर्थात् भित्री आत्मज्ञान। यहाँ कस्तो खालको बुद्धिको बारेमा चर्चा गरिएको छ? परमेश्वरबाट दिइने यो ज्ञान कसरी पाउने? (हेर्नुहोस् याकूब १ः५ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ")।**

सातवटा टाउकोको अर्थ सातवटा पहाडहरू भनेर यूहन्नालाई स्वर्गदूतले सिकाउँदछन्। कतिपय अनुवादहरूमा ती पहाडहरू भनेको ती सातवटा पहाडहरू हुन् जहाँ रोमको सहर स्थापना भएको थियो। त्यसैकारण तिनीहरूले ग्रीक शब्द ओ-वाई (oroi) "पहाडहरू"लाई थुम्कोहरू पनि भनेर अनुवाद गरिएको हुन्छ। सात जना राजाहरू पनि छन् जुन कि सातवटा पहाडहरूका प्रतीकहरू हुन्। ती पहाडहरू एक पछि अर्को हुन् तर एकसाथ संगसंगै रहेको होइन। ती पहाडहरूले व्यक्तिगत राजाहरूलाई शङ्केत गर्दैनन्, किनभने प्रकाशको पुस्तकले कुनै पनि व्यक्तिहरूको बारेमा चर्चा गर्दैन बरू प्रणाली, काम गर्ने निकाय वा पद्वतिहरूको बारेमा चर्चा गर्दछ। बाइबलमा पहाडहरू प्रायजसो विश्व शक्ति वा साम्राज्यहरूलाई औंल्याउँछ (यर्मिया ५१ः२५ "हे नाश गर्ने पहाड़, जसले सारा पृथ्वीलाई नाश गर्दछ, म तेरो विरुद्धमा छु," परमप्रभु भन्नुहुन्छ। "म मेरो हात तेरो विरुद्धमा पसार्नेछु, र तँलाई भीरबाट तल खसालिदिनेछु, र तँलाई डढ़ेलो लागेको पहाड़ तुल्याइदिनेछु।", इजकिएल ३५ः२-४ " २ "हे मानिसको छोरो, सेइर पर्वततिर तेरो मुख फर्का, र त्यसको विरुद्धमा अगमवाणी कहेर भन्ः ३ "परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः हे सेइर पर्वत, म तेरो विरुद्धमा छु। म मेरो हात तँमाथि उठाउनेछु र तँलाई निर्जन र उजाड़ तुल्याइदिनेछु। ४ म तेरा

सहरहरूलाई भग्नावशेष पारिदिनेछु, र तँ उजाड़ हुनेछस्। तब तैंले म नै परमप्रभु हुँ भनी जान्नेछस्")। बाइबलको भविष्यवाणीमा राजाहरू भनेको राज्यहरू हुन् (दानिएल २:३६-४० " ३६ "सपना यही थियो, र अब महाराजालाई यसको अर्थ बताउनेछौं। ३७ हजूर नै राजाहरूका महाराजा हुनुहुन्छ। स्वर्गका परमेश्वरले हजूरलाई राज्य, पराक्रम, शक्ति र महिमा दिनुभएको छ। ३८ हजूरको हातमा उहाँले सारा पृथ्वीका मानिसहरू र पशुहरू र आकाशका पन्क्षीहरू दिनुभएको छ। जहाँ-जहाँ उनीहरू बस्छन्, उहाँले हजूरलाई उनीहरूमाथि अधिकार गर्न दिनुभएको छ। हजूर नै त्यो सुनको टाउको हुनुहुन्छ।३९ "हजूरपछि, हजूरको भन्दा अलि कमजोर राज्य खड़ा हुनेछ। त्यसपछि काँसोको तेस्रो राज्यले सारा पृथ्वीमाथि अधिकार जमाउनेछ। ४० अन्त्यमा, फलामजस्तै बलियो चौथो राज्य आउनेछ, किनभने फलामले सबै थोक चकनाचूर पारिदिएझैं त्यसले अरू सबैलाई तोड़फोड़ गरी तितरबितर पार्नेछ")। यसरी सातवटा पहाडहरू भनेको सातवटा महान् साम्राज्यहरूको प्रतीक हुन् जो एक पछि अर्को हुन् जसले विश्वको इतिहासमा विश्वमाथि शासन गरेको बताउँछ। ती विश्व शक्तिहरू परमेश्वरको बिरुद्धमा थिए र परमेश्वरका जनहरूलाई हानी गर्दथे।

यूहन्नाको दृष्टिकोणमा पाँचवटा साम्राज्यहरूको पतन भइसकेको थियो। एउटाले चाहिँ विश्वमाथि शासन गरिरहेको थियो भने अर्को आएको थिएन। हुन त सबै एडभेन्टिस्ट विद्वानहरू राजा वा साम्राज्यहरूको बारेमा एउटै धारणामा सहमत भएको पाइन्दैन, धेरै जसोले पाँच साम्राज्य भनेको ती पाँच महान् राज्यहरू हुन् जुन पुरानो करारमा उल्लेखनीय रूपमा उल्लेख गरिएका छन् र विभिन्न समयहरूमा परमेश्वरका जनहरूलाई दुःख दिएका थिए। तिनीहरू हुन्ः मिश्र देश अर्थात् इजिप्ट, असेरिया, बेबिलोन, मिडपर्सिया र ग्रीस। एउटा चलिरहेको राज्यचाहिँ यूहन्नाको समयमा भएको रोमी साम्राज्य थियो।

यूहन्नाको समयमा नआएको सातौं राज्यचाहीँ प्रकाश १३ अनुसार निस्किएको पोपीयतन्त्र हो जसले परमेश्वरका जनहरूलाई दमन गरेर हानी पुऱ्याएको थियो। यो यूहन्नाको समयपछि र रोमी साम्राज्यको पतनपछि आउनेवाला थियो। केवल बाइबल र सुसमाचारमात्र विश्वास गर्ने मानिसहरूलाई गरिने पोप वा रोमन क्याथोलिक धर्मको अत्याचारको सत्य कहानी धेरै शताब्दी अघि लेखिएको कुरालाई इतिहासले प्रभावकारी रूपमा

प्रमाणित गरेको छ (अनेकौं इसाईहरूलाई मार्नेमा बाइबललाई प्रथम लोकप्रिय भाषामा अनुवाद गर्ने विलियम टिन्डेल, प्रभुलाई आफ्नो विवेकले पछ्याउने जोन हस जस्ता विश्वासी हस्तीहरूलाई पोपले जिउँदै जलाएको थियो। प्रथम प्रेस आविष्कार गरेर बाइबललाई जनसमक्ष ल्याउने गुटेनवर्ग, सुधारवादी अगुवा मार्टिन लुथरलाई पोपले सफाय दिन भरमग्दुर कोशिश गरेका थिए। "पोपको शासन सुरूभएदेखि पाँच करोड भन्दा बेसी इसाईहरूलाई रोमन क्याथोलिक चर्चले इसाईहरूलाई विधर्मी भएर अपराध गरेको भनेर हत्या गरेको थियो। त्यसको मतलब, पोपको अस्तित्व भएको प्रत्येक वर्षमा धर्मको नाउँमा चालिसहजारभन्दा बेसी अनजान इसाईहरूको हत्या भएको थियो भनेर देखाउँदछ" *हिस्टोरी अभ रोमानिजम*, पृ. ५४१,५४२, न्यु योर्कः १८७१बाट रूपान्तरित-क्रिश्चियन एडवार्डसनको *फाक्टस् अभ फेथबाट* उदृध अनुवादकको थप जानकारी) ।

रातो पशु आठौं विश्व शक्ति हो भनेर यूहन्नालाई थप जानकारी दिइएको थियो। तर त्यो शक्ति सातवटा टाउकाहरूमा (विश्व शक्ति) एक थियो। तर सातवटा टाउकाहरूमध्ये कुनचाहिँ आठौं हो? सातवटा टाउकाहरू वा विश्व राजनैतिक साम्राज्यहरू समयको एक पछि अर्को क्रममा निस्किइएकोले आठौंचाहिँ घाइते भएको सातौं पशुको टाउको हुनुपर्छ। घाइते पशु वा रोमन क्याथोलिक चर्चको धर्मगुरु पोपलाई नजरबन्दमा राखिएको समय पछि उसको पुनर्जीवित हुन गएको शक्ति नै आठौं राज्य वा विश्व शक्ति हुनसक्छ। यसबेला रातो पशु देखापर्छ र बेश्यारूपी बेबिलोनको लक्ष्यलाई अघि बढाउने जिम्मा उसले लिएको थियो। आज हामी घाइते पोप निको भइरहेको समयमा छौं। तर त्यो शक्ति युगको अन्त्यको दृश्यमा विश्वको अत्यन्त शक्तिशाली भएर देखा पर्नेछ र परमेश्वरसँगको युद्धमा हार भएर सदाको निम्ति बिलाएर जानेछ।

## ५. बेबिलोनमाथि गरिने परमेश्वरको न्याय

**"दश राजाहरू"को बारेमा हामी के सिक्न सक्छौं सो देहायका पदहरू हेरौं: प्रकाश १७:१२-१५ "१२ "तिमीले देखेका ती दश वटा सिङचाहिँ दश राजाहरू हुन्, जसले अहिलेसम्म राजकीय शक्ति पाएका छैनन्। तर तिनीहरूले त्यस पशुसँग छोटो समयको निम्ति राजाकै अधिकार पाउनेछन्। १३ तिनीहरू एकै मनका छन्, र तिनीहरूले आफ्नो शक्ति र अधिकार त्यस पशुलाई**

सुम्पनेछन्। १४ तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" १५ ती स्वर्गदूतले मलाई भने, "तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या बसेकी छे, तीचाहिँ मानिसहरू, भीड़हरू, जातिहरू र भाषाहरू हुन्।" र प्रकाश १६:१२-१६ "१२ तब छैटौं स्वर्गदूतले आफ्नो कचौरो महानदी यूफ्रेटिसमा खन्याए, र नदीको पानी सुकिहाल्यो र पूर्वबाट आउने राजाहरूका निम्ति मार्ग तयार भयो। १३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्। १५ "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिंड्नेछ, र त्यसको नग्नता देखिनेछ।" १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ।"

बाइबलका विभिन्न विद्वानहरूले दश राजाहरूको पहिचानको बारेमा विभिन्न धारणाहरू प्रस्तुत गरेका छन्। यद्यपि सही कुरा गर्ने हो भने प्रकाशको पुस्तकले ती राजाहरू यिनै हुन् भनेर ठम्याएर हामीलाई बुझाइएको छैन। तर ती पदहरूलाई ध्यानपूर्वक अध्ययन गर्दा तिनीहरू छोटो समयको निम्ति देखा परेका राजनैतिक गठबन्धन हुन् जुन युगको अन्त्यमा बेबिलोनरुपी बेश्यालाई सहयोग गर्न देखापरेका थिए भनेर निष्कर्ष निकाल्न सक्दछौं। तिनीहरूको संख्या अत्यन्त महत्त्वपूर्ण छ किनभने विश्वका शक्ति राष्ट्रहरूले पशुलाई पूर्णरुपमा अलिकतिपनि नहिच्किच्याइ आफ्नो बफादारीलाई देखाउनेछ।

प्रकाश १६:१२-१७मा उल्लेख गरिएको आरमागेड्डोनयुद्धलाई प्रकाश १७:१३,१४ले यसरी निचौडरुपमा प्रस्तुत गर्दछ "१३ तिनीहरू एकै मनका छन्, र तिनीहरूले आफ्नो शक्ति र अधिकार त्यस पशुलाई सुम्पनेछन्। १४ तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।" (प्रकाश १६:१२-१६ फेरि पढ्नुहोस्: "१२ तब छैटौं स्वर्गदूतले आफ्नो कचौरो महानदी

यूफ्रेटिसमा खन्याए, र नदीको पानी सुकिहाल्यो र पूर्वबाट आउने राजाहरूका निम्ति मार्ग तयार भयो। १३ तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। १४ तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्। १५ "हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिँड्नेछ, र त्यसको नग्नता देखिनेछ।" १६ तिनीहरूले राजाहरूलाई त्यस ठाउँमा भेला गरे जसलाई हिब्रू भाषामा आर-मागेड्डोन भनिन्छ)।

अजिङ्गर वा शैतानको मातहतमा दुष्ट आत्माहरूको शक्तिले अत्यन्त अलौकिक चमत्कारपूर्ण क्रियाकलापप्रति अत्यन्त प्रभावित भएर समुद्रबाट निस्किएको पशु, झुटा भविष्यवक्ता, आत्मिक गुरुहरू वा बाइबललाई पन्छाएर आफूतिर आकर्षित गर्ने झुटा इसाई धर्मगुरु नै किननहुन् र विश्वका राजनैतिक शक्तिहरू एकजुट भएर थुमासँग महायुद्ध गर्नेछन्। अर्को अर्थमा भन्ने हो भने आर--मागेड्डोनको युद्ध मध्यपूर्व वा संसारको कुनै एक भारी द्वन्द्व क्षेत्रमा हुने कुनै सैनिक युद्ध नभएर येशू दोस्रो पल्ट आउनुहुँदा उहाँसँग शैतान र उसका गठबन्दनले येशू र स्वर्गका स्वर्गदूतहरूको फौजसँग गरिने अन्तिम महासंग्राम हो।

**प्रकाश १७:१६-१८ पढ्नुहोस्: "१६ अनि तिमीले देखेका ती दश सिङ र त्यस पशुले त्यस वेश्यालाई घृणा गर्नेछन्, र त्यसलाई एकलो र नाङ्गो पार्नेछन्, त्यसको मासु खानेछन्, र त्यसलाई आगोमा भस्म पारिदिनेछन्। १७ किनकि परमेश्वरको वचन पूरा नहोउञ्जेल एक मनका भई तिनीहरूले आफ्नो राजकीय शक्ति त्यस पशुलाई दिएर उहाँको अभिप्राय पूरा गर्न परमेश्वरले तिनीहरूका हृदयमा यो विचार हालिदिनुभयो! १८ तिमीले देखेको त्यो स्त्रीचाहिँ त्यो महानगरी हो, जसले पृथ्वीका राजाहरूमाथि प्रभुत्व गर्छ।" प्रकाश १६:२-१२मा हामीले अगाडि हेर्‍यौं, बेबिलोनप्रति दश राजाहरूको मन किन परिवर्तन भयो? बेबिलोनलाई जे भयो त्यसको पछाडि को थियो?**

अत्यन्त घृणाले वाक्क भएर, दश सिङ वा एक पछि अर्को दश राजाहरू जुन् विभाजित युरोपका राष्ट्रहरू हुन्, अचानक बेश्या बेबिलोनको बिरुद्धमा जानेछन्। त्यो बेश्या त्यो हो जुन् युगको अन्तमा आफ्नो भारीशक्ति

देखाउने रोमन क्याथोलिक चर्चको धर्मगुरु पोप र उनका क्रियाकलापहरू। त्यो बेश्यालाई नाङ्गो र भताभुङ्ग पारिनेछ। साङ्केतिक अर्थमा त्यस बेश्यालाई लुछाछुड गरेर ती राजाहरूले उनको मासु खानेछन् र उनलाई आगोमा जिउँदै फ्याँकिदिनेछन। बेश्या बेबिलोनलाई के हुनेछ भनेर वर्णन गर्न यूहन्नाले त्यही खालको लवज प्रयोग गर्छन् जुन् परमेश्वरले अरू धर्ममा लागेर बेश्या भएका वा पतित यरुशलेमको हुने गतिको बारेमा उच्चारण गर्नुभएको थियो "हे उजाड़ पारिएकी, तँ के गरिरहिछस्? तैंले रातो पोशाक पहिरेकी, र सुनका गहना पहिरेर आफूलाई सिँगारेकी अर्थ के हो? तँ किन गाजल लगाएर तेरा आँखा ठूलो पार्छेस्? व्यर्थमा तँ आफूलाई सुन्दर बनाउँछेस्। तेरा प्रेमीहरूले तँलाई घृणा गर्छन्, तिनीहरू तेरो ज्यान लिन खोज्छन्।" (यर्मिया ४:३०)। जब पुरानो करारको पुजारीकी छोरी व्यभिचारमा फसिन् भने तब उनलाई जिउँदै आगोमा जलाइदिने उर्दी थियो (लेबी २१:९ “‘कुनै पूजाहारीकी छोरीले वेश्यावृत्तिगरेर आफूलाई अशुद्ध गरी भने, त्यसले आफ्ना बाबुको अपमान गर्छे। त्यो आगोमा जलाइओस्')। अनेकौं महाकष्टपूर्ण महामारीहरूबाट बेबिलोनले सुरक्षा दिन नसकेकोमा धोखा पाएका राजनैतिक शक्तिहरू अत्यन्त अलमलिन पुगेका थिए। आफूहरूलाई छल गरेकोले रिसले चुर्णभएर बेबिलोनलाई आक्रमण गर्दछ। अन्तमा पतित इसाई धर्म नै किन नहुन असत्य धार्मिक प्रणालीमा आवद्ध हुनेहरू र पोपतन्त्रमा लागेर उनको पक्षमा उभिरहेको भनेर पहिचान दिने सबैले अब परमेश्वरको पूरै न्यायको अनुभव गर्नुपर्नेछ।

**युगको अन्तमा हुने घट्नाहरूको बारेमा धेरै प्रश्नहरू हुनेछन् जसको जवाफ छ भन्ने छैन जसले गर्दा हामीलाई अन्यौलमा पार्नसक्दछ। तैपनि प्रकाश १७:१४मा के विशेष प्रतिज्ञा दिइएको छ जसलाई हामीले आत्मसात् गर्नुपर्दछ? हेर्नुहोस् "तिनीहरूले थुमाको विरुद्धमा युद्ध गर्नेछन्, र थुमाले तिनीहरूलाई जित्नुहुनेछ, किनकि उहाँ प्रभुहरूका प्रभु र राजाहरूका राजा हुनुहुन्छ। उहाँको साथमा हुनेहरूचाहिँ बोलाइएका, चुनिएका र विश्वासयोग्य हुन्।”**

## उपसंहारः

बेबिलोनको पूर्णरूपमा नैतिक पतन हुनुभन्दा अघि बेबिलोनमा रहेका परमेश्वरका जनहरूलाई स्वर्गबाट वाणी आउनेछ "हे मेरा जनहरू हो, बेबिलोनबाट निस्केर आऊ" (प्रकाश १८:४)। विभिन्न कारणहरूले गर्दा

परमेश्वरलाई हृदयदेखि नै पुजा गर्ने मानिसहरू बेबिलोन वा भ्रष्ट इसाई धर्मको निकायमा लाग्नेहरू अझै छन्। पतित धार्मिक वा इसाई प्रणालीमा लाग्ने मानिसहरूलाई निकाल्न परमेश्वरले अन्तको चर्चलाई प्रयोग गर्नुहुनेछ ताकि तिनीहरू त्यस बेबिलोनको पापमा नफसुन्। आफ्नो भविष्यको निर्धारण गर्न तिनीहरू बेबिलोनबाट निस्केर आउनैपर्छ। कोही मानिस पनि नाश नहोस् भन्ने परमेश्वरको चाहना हो ("आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।" २ पत्रुस ३:९)। परमेश्वरप्रति अगाढ श्रद्धा राख्ने धेरै मानिसहरू बेबिलोनबाट निस्केर आउनेछन् भनेर प्रकाश १९:१-१०ले यसरी बताउँछ "१ त्यसपछि मैले स्वर्गबाट एउटा ठूलो भीड़ले चर्को सोरमा यसो भनिरहेको जस्तो सुनें, "हल्लेलूयाह! मुक्ति, महिमा र शक्ति हाम्रा परमेश्वरका हुन्, २ किनकि उहाँका इन्साफ सत्य र न्यायसङ्गत छन्। सारा पृथ्वीलाई आफ्नो व्यभिचारले भ्रष्ट पार्ने त्यस महा वेश्यालाई उहाँले दण्ड दिनुभएको छ, र उहाँका दासहरूका रगतको बदला लिइसक्नुभएको छ।" ३ तिनीहरूले फेरि एक पल्ट उच्च सोरले भने, "हल्लेलूयाह! त्यो महानगरी जलेको धूवाँ सदासर्वदा मास्तिर गइरहन्छ।" ४ अनि ती चौबीसै धर्म-गुरु र ती चार जीवित प्राणीहरूले घोप्टो परेर सिंहासनमा विराजमान हुनुभएको परमेश्वरलाई यसो भनेर दण्डवत् गरे, "आमेन, हल्लेलूयाह!" ५ तब सिंहासनबाट यसो भनिरहेको एउटा आवाज आयो, "हाम्रा परमेश्वरको प्रशंसा गर, उहाँका सबै दास हो, तिमीहरू साना र ठूला जसले उहाँको भय मान्दछौ।" ६ त्यसपछि एउटा ठूलो भीड़को सोरजस्तो मैले सुनें, उलंर्दो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेको थियोः "हल्लेलूयाह! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। ७ हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं! किनकि थुमाका विवाहको दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्। ८ चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्। ९ अनि ती स्वर्गदूतले मलाई भने, "यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरू धन्यका हुन्।" तिनले फेरि मलाई भने, "परमेश्वरका सत्य वचनहरू यी नै हुन्।" १० अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परें। तर तिनले मलाई भने, "तिमीले मलाई यसो

गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर! किनकि येशूको गवाही अगमवाणीको आत्मा हो।"

हामी परमेश्वरका अन्तिम बचेका चर्च हौं भनेर दावी गर्दछौं तब हामीहरूमाथि आएको भारी जिम्मेवारीको बारेमा सोच्नु जरुरी छ। यस्तो जिम्मेवारीलाई सम्झिन्दा हामीहरूको हृदयमा परमेश्वरको सत्यलाई अड्डा जमाउन दिनु र हामीहरूको जीवनमा पवित्र आत्मा खनिनु कतिको आवश्यक ठान्नुपर्दछ?

**चिन्तनमननः**

अ) प्रकाश १८ः४ले यो देखाउँदछ कि बेबिलोनमा परमेश्वरप्रति अगाध श्रद्धा राख्नेहरू धेरै छन् जसलाई उहाँले भन्नुहुन्छ "मेरा जनहरू"। देहायमा व्यक्त गरिएको सन्देशको चिन्तन गर्नुहोस्ः "यो सन्देश दिनै पर्छ, सुनाउनै पर्छ। तर यो सन्देश दिनैपर्ने क्रममा हामीले होसियारी अपनाउनुपर्दछ। कतिपय मानिसहरूसँग हामीसँग भएका आत्मज्ञान नहोला तर हामीसँग भएको सन्देश अरूलाई सुनाउँदा तिनीहरूलाई दोष दिएर जबरजस्ती लाद्नुहुन्न। रोमन क्याथोलिकका अनुयायीहरूलाई हामीहरूको सन्देशलाई जबरजस्ती लाद्न हामीहरूले कोशिश गर्नुहुन्न। रोमन क्याथोलिक चर्चमा धेरै विवेकशील इसाईहरू छन् र आफूले पाएको ज्ञान अनुसार तिनीहरू चलिरहेका हुन्छन्। तिनीहरूको लागि परमेश्वर आफैले काम गर्नुहुनेछ। तर अवसर र मौकाहरू हुँदा हुँदै पनि कतिपय  इसाई हुँ भनेर दावी गर्नेहरू चाहे एडभेन्टिस्ट नै किन नहुन् आफ्ना नैतिक, शारीरिक र मानसिक शक्तिको उत्थान गर्न वेवास्ता गर्छन्... धार्मिक सिद्धान्तहरू गलत भएर पनि अरूको भलोको निम्ति चल्ने इसाईहरूभन्दा ती दावी गर्ने इसाईहरू परमेश्वरको सामु धेरै दोषी भएर खडा हुनुपर्नेछ।"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. ५७५बाट रूपान्तरित।

आ) प्रकाश १७ले पशुमाथि बसिरहेकी बेश्याको बारेमा वर्णन गर्दछ। प्रकाश १२मा पनि स्त्रीको बारेमा वर्णन गरिएको छ तर यसमा परमेश्वरका विश्वासिलो वा बफादारी चर्च भनेर चित्रण गरिएको छ। तर अध्याय १७ले उल्लेख गरेको स्त्री बेश्या हो जो इसाई चर्च नै हो तर परमेश्वरको सत्यवचनबाट अलगिएर जान्छ। उनले अनेकौं

चर्तिकलाहरूद्वारा मानिसहरू सत्य र सृष्टिकर्ता परमेश्वरलाई संसारका मानिसहरूले विश्वास नगरोस् भनेर छल गरिरहेकी छिन्। सुधारवादी प्रोटेस्टेन्ट चर्च हौं त भन्छन् तर परमेश्वरप्रति व्यवहारिकरूपमा बफादारित नदेखाउने र बेश्यारुपी बेबिलोनको बीचमा के फरक वा समानता छन्? ती तुलनाबाट हामी के सिक्न सक्दछौं?

इ) येशूको महिमित र बिजयी आगमन हुनुभन्दा अघि राजनैतिक र धार्मिक क्षेत्रमा गन्जागोल हुनेछ भनेर यस अध्यायमा उल्लेखित विभिन्न पदहरूले देखाएको हामीले हेऱ्यौं। त्यसले गर्दा अहिले नै हामीहरू परमेश्वरले दिनुभएको सन्देशप्रति हामी सत्यवादी, शुद्ध र वफादारी भएर बस्नुपर्छ भन्ने महत्त्वपूर्ण कुरा कसरी सिक्ने? विश्व्यापी इसाईहरू नै बाइबल र येशूप्रतिको शुद्ध आस्थामा अलमलिने घट्नाहरू जारी भइरहेको अवस्थामा प्रकाश १६:१५ले परमेश्वरप्रति भक्त हुन गरेको आह्वानलाई अहिले नै कसरी आत्मसात् गर्ने? हेर्नुहोस् " “हेर, म चोरजस्तै आउनेछु। त्यो धन्य हो, जो जागा रहन्छ र आफ्नो वस्त्रको रक्षा गर्छ। नत्रता त्यो नाङ्गै हिँड्नेछ, र त्यसको नग्नता देखिनेछ।”

# कथा १२
# आङ्गोलालाई उद्धार
## पाओलो पिन्टो, आङ्गोला

आफ्नो काम छोडेर कैदीहरूलाई सुसमाचार प्रचार गर्न जाँदा पाओलोले आफ्नी आमालाई निकै रिस उठाएको थियो। पाओलो एडेन्टिस्ट परिवारमा हुर्केको थियो। उसले सरकारी स्कूलमा एक र दुई कक्षामा शिक्षकको काम गर्दै थियो। उसले कमाएको पैसाले विश्वविद्यालयमा उसलाई पढ्ने खर्च र उनको आमा र दस जना दाजुभाइहरूको घर खर्च टार्न सहयोग गर्दथ्यो। सात वर्ष अघि उसको बुबा टाइफ्वाइड रोगले मरेका थिए। पाओलो जेठो छोरो भएकोले घर परिवारलाई सम्हाल्ने भार उसमाथि परेको थियो। जब ऊ विश्वविद्यालयमा दोस्रो वर्षमा पढ्दै थियो तब उसलाई टाइफ्वाइड ज्वरोले समात्यो। उसलाई आटलान्टिक समुद्रको किनारामा रहेको १३०,००० जनसंख्या भएको बेनगुवेला सहरको अस्पतालमा भर्ना गरियो। चर्को ज्वरोले सताएकोले ऊ अस्पतालमा दुई महिनासम्म बस्नु पऱ्यो। अस्पतालको पैसा तिर्न उसँग पैसा थिएन। तर चर्चका सदस्यहरूले उसको निम्ति प्रार्थनामात्र गरेनन् सबै जनाले मिलिजुली पैसा जम्मा गरेर अस्पतालको औषधीको पैसा पनि तिरिदिए। "जब म अस्पतालबाट निमो भएर  घर फर्कें तब मैले मेरो जीवनलाई परिवर्तन गर्ने निर्णय गरेँ" पाओलोले भन्यो।

जब सन् २०१३मा उसले अस्पताल छोड्यो तब उसले प्राथमिक स्कूलमा पढाउने काम र विश्वविद्यालयमा पढ्ने काम पनि छोड्यो। "म फेरि पुरानै जीवनमा फर्कुन्छु होला भन्ने डरले मैले पढाएको स्कूल र पढ्ने विश्वविद्यालयमा म फर्किंन" भनेर उसले आफ्नो भावना व्यक्त गऱ्यो। तर उसले जिम्बावेमा भएको सोलुसी एडभेन्टिस्ट विश्वविद्यालयमा धर्मदर्शन विषय पढ्न चाहेको थियो। उसँग पैसा थिएन र भर्नाको निम्ति अर्को वर्षको जनवरी महिनासम्म उसले पर्खनु पर्थ्यो।  त्यसकारण सात महिनासम्म उसले कैदमा परिरहेका कैदीहरूलाई येशूको बारेमा सुसमाचार सुनाउन थालेको थियो। उसको एक जना नातेदार सरकारी कर्मचारी थियो। उसको सहायताले पाओलोले झ्यालखानामा गएर कैदीहरूको सेवा गर्ने अनुमति पायो। उसले एक जना स्थानीय चर्चको एल्डरलाई पनि कैदीहरूको बीचमा सुसमाचार सुनाउन लग्यो। तिनीहरूको सक्रियतामा बेनगुयला सहरमा रहेको झ्यालखानामा बीस

जना कैदीहरूले बप्तिस्मा लिए। तर उसको परिवारले उसको जीवनको बारेमा बुझ्नै सकेनन्। घर खर्च चलाउन पाओलोसँग काम र दाम दुवै थिएन। पाओलोले विश्वविद्यालयमा पढेर धेरै पैसा कमाएर घरमा सहयोग गर्ला भनेर आशा गरेकी आमाले उसलाई घरैबाट निकालिदिइन्।

जसो तसो गरेर पाओलो सोलुसी एडभेन्टिस्ट विश्वविद्यालयमा आइपुग्यो। उसँग खान र अङ्ग्रेजी सिक्न कमै पैसा थियो। उसले पोर्तुगिज भाषामामात्र जानेको थियो र विश्वविद्यालयमा पढ्न उसले अङ्ग्रेजी भाषा पनि जान्नुपर्थ्यो। पाओलोले प्रार्थना गऱ्यो, "हे प्रभु यदि यस विश्वविद्यालयमा पढ्न मलाई सघाउनुभयो भने मैले म जीवनको बाँकी भाग तपाईंको सेवामा लाग्नेछु। येशूको बारेमा सुनाउन आवश्यक भएकोले म सोलुसी विश्वविद्यालयमा गएको थिएँ भनेर म सबैलाई देखाइदिनेछु।" विश्वविद्यालयमा उसले परमेश्वरको बारेमा धेरै सिक्नु पर्ने रहेछ भनेर उसले थाहा पायो। ऊ एडभेन्टिस्ट परिवारमा हुर्केतापनि त्यो समयमा उसको देश गृहयुद्धमा होमिएको थियो। २७ वर्षसम्म गृहयुद्धमा फसेको आङ्गोला देश परमेश्वरको बारेमा पाउनुपर्ने ज्ञानमा कमजोर भएको थियो। "परमेश्वर र बाइबलको बारेमा हामीले खास केही थाहा थिएन। सोलुसी विश्वविद्यालयमा आउँदा नै मैले बाइबलको बारेमा पूरा ध्यान दिएर पढ्न पाएँ" आफ्नो घरमा एडभेन्टिस्ट भन्ने केवल नाउँमात्र भएको स्वीकार गर्दै पाओलोले भन्यो। विदेशीहरूलाई पनि परमेश्वरले धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा पनि विश्वविद्यालयमा उसले सिक्यो। बाहिर देशबाट आएर सोलुसी विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूप्रति त्यस विश्वविद्यालयले बिशेष ध्यान दिन्छ भनेर उसले भन्यो। "कहिलेकाहीं हामीहरू बसेको होस्टेलको कोठाहरूमा शिक्षकहरू आउनुहुन्छ र हामीसँग प्रार्थना गर्नुहुन्छ। कहिलेकाहीं हामीले नचिनेका मानिसहरूले सित्तैंमा खाना पनि खान दिन्छन्" खुशी भएर उसले व्यक्त गऱ्यो। सोलुसी विश्वविद्यालयले लेबी २३:२२को वचन पूरा गरिरहेको उसले देखेको थियो। यसमा लेखिएको छ "तिमीहरूले आफ्नो देशमा खेतको बाली काट्दा खेतका छेउ-छेउसम्म निखारेर नकाट्नू। तिमीहरूले आफ्नो बालीको शिला-बाला नबटुल्नू। ती तिमीहरूको बीचमा बसोबास गरेका गरीब र परदेशीहरूका निम्ति छोड़िदिनू। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" सोलुसी विश्वविद्यालयमा पढेको प्रथम सेमिस्टरपछि उसको दाजुपर्नेले उसको पढाइको खर्च तिरिदिने कबुल गऱ्यो। जब त्यो दाजु पर्ने मऱ्यो तब एक जना चर्चको सदस्यले उसलाई एक सेमिस्टरको पैसा

तिरिदियो। अहिले एक जना महिलाले उसको पढाइको खर्च तिर्दैछ। त्यही विश्वविद्यालयबाट उनको नातीको ग्राजुयट भएको थियो। सोलुसीमा पढिरहँदा पाओलोले आङ्गोलाका अरू विद्यार्थीहरू र जाम्बिया, युगान्डा र फिलिप्पिन्सका विद्यार्थीहरूलाई साथी बनाएको थियो। आफूहरूको पढाइसकेपछि सुसमाचारीय कार्यक्रम आयोजना गर्ने तिनीहरूको चाहना छ। आफूले सिकेका परमेश्वरका नयाँ आत्मज्ञान पनि आफ्नो परिवारमा बाँड्न पाओलो चाहन्छ। आङ्गोलामा भएका २ करोड नब्बे लाख जनसंख्या र १७६,००० एडभेन्टिस्टहरूको निम्ति प्रार्थना गर्न पाओलोले यस कथाका लेखकलाई अनुरोध गरेको थियो। "हामीहरूले कसैलाई ईसाइ बनाउने प्रयास गरेका छैनौं। मत्ती २४:१४मा बताइएको 'यस राज्यको सुसमाचार सारा संसारमा गवाहीको निम्ति फैलाइनेछ र अनि यस संसारको अन्त हुनेछ" मर्म पूरा गर्नमात्र हामी लागिरहेकाछौं। त्यसकारण सबैले येशूको बारेमा थाहा पाओस् भनेर सुसमाचारको गवाही सबैलाई सुनाउनु जरुरी छ- अनि येशूको आगमन हुनेछ।" आफ्नो अठोट व्यक्त गर्दै पाओलोले अन्तरवार्ता अन्त गऱ्यो।

(यस त्रैमासिक भेटीको केही भाग सोलुसी विश्वविद्यालयमा रहेको भान्सा कोठामा १००० विद्यार्थीहरूलाई खाना ख्वाउन अट्ने गरेर कोठा बढाउन सहयोग गरिनेछ)।

*-लेखकः आन्द्रयु मेकचेस्ने।*